कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
कञ्चन-२, रुपन्देही
Kanchan-2, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या / Ref No :- ०८२/८३
चलानी नं. / Dispatch No.:-

मितिः२०८२/०४/०७
ने.सं.११४५,दिल्लागा,आमै

विषयः लेखा परीक्षक नियुक्तीको जानकारी पठाउने सम्वन्धमा ।

श्री सहकारी संस्थाहरु (सबै),
कञ्चन गाउँपालिका,रुपन्देही ।

उपरोक्त सम्वन्धमा सहकारी ऐन,२०७४ को दफा ७६ (१) मा सहकारी संस्थाहरुले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र सो आर्थिक वर्षको लेखापरीक्षण ईजाजत प्राप्त लेखापरीक्षकबाट लेखा परीक्षण गराउनुपर्ने व्यवस्था रही आएको र सहकारी संस्थाको लेखा परीक्षण निर्देशिका,२०७५ को दफा (३) बमोजिम सहकारी संस्थाहरुले तोकिएको समयसिमा भित्रै लेखा परीक्षण गराउने गरी लेखा परीक्षक नियुक्त गरी अनूसूचि -१, मा उल्लिखित ढाँचामा सो को जानकारी ३ (तीन) दिन भित्र नियामक निकायमा पठाउनु पर्ने व्यवस्था रहेकोमा हाल सम्म पत्र प्राप्त नभएको हुँदा यसै सूचनालाई आधारमा तोकिएको ढाँचामा जानकारी उपलब्ध गराउनुहुन जानकारीका लागि अनुरोध छ ।

२०८२/०४/०६

(गिरीराज अर्याल)
प्रशासकीय अधिकृत

गिरी राज अर्याल
प्रशासकीय अधिकृत
सातौं तह

अवगतार्थः

श्रीमान् गाउँपालिका अध्यक्ष/ उपाध्यक्षज्यूः कञ्चन गाउँपालिका,रुपन्देही ।

बोधार्थः

श्री सहकारी सञ्जाल, कञ्चन गाउँपालिका,रुपन्देहीः आवश्यक समन्वय र सहजिकरण गर्नुहुन ।

कार्यार्थः

श्री सूचना प्रविधि ईकाईः गाउँपालिकाको वेभसाईट र फेसबुक पेजमा अपलोड गर्नुहुन ।

कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
कञ्चन-२, रुपन्देही
Kanchan-2, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या / Ref No :- ०८२/८३
चलानी नं. / Dispatch No.:-

## कञ्चन गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र भएका सहकारी संस्थाहरुलाई जरुरी सूचना ।

प्रकाशन मिति २०८२/०४/०८ गते

- सहकारी विभागले तोकेको एकिकृत व्यवस्थापन सूचना प्रणाली कोपोमिसमा अनिवार्य रुपमा आवद्ध भई २०८२ साल श्रावण मसान्त भित्र सम्पुर्ण विवरण प्रविष्ट गर्नुहुन साथै श्रावण १ गते भर्नु पर्ने समष्टिगत विवरण भर्नुहनु ।
- सहकारी संस्थाहरुले अनिवार्य रुपमा २०८२ साल असोज मसान्त भित्र लेखापरीक्षण सम्पन्न गर्नुहुनु ।
- लेखापरीक्षक नियुक्ति गरी गाउँपालिकाको सहकारी शाखामा निम्न कागजात सहित अनिवार्य रुपमा नियुक्तीको जानकारी पठाउनुहुन ।
    - ➢ लेखापरीक्षकको नियुक्तीको जानकारी सम्वन्धी संस्थाको पत्र ।
    - ➢ लेखापरीक्षकको २०८३ आषाढ मसान्त सम्मको नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि।
    - ➢ अघिल्लो साधरण सभाले लेखापरीक्षक नियुक्ति गरिएको निर्णयको प्रतिलिपि ।
    - ➢ संचालक समितिले लेखा परीक्षक नियुक्ती गरिएको निर्णयको प्रतिलिपि ।
- संस्थाको वार्षिक साधरण सभा २०८२ पौष मसान्त भित्र अनिवार्य रुपमा सम्पन्न गरी साधरण सभा सम्पन्न भएको मितिले १५ दिन भित्र वा २०८२ माघ १५ भित्र आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन साधरण सभाको निर्णय प्रतिलिपि (Hard copy & Soft copy) गाउँपालिकाको सहकारी शाखामा पेश गर्नुहुन साधरण सभाको प्रतिवेदन साथ निम्न कागजात संलग्न गर्नु पर्नेछ ।
    - ➢ साधरण सभाको प्रतिवेदन पेश गरिएको भनि संस्थाको लेटरप्याडमा लेखिएको पत्र ।
    - ➢ व्यवसाय नविकरण प्रमाण पत्रको प्रतिलिपि ।
    - ➢ आ.व.२०८१/८२ को कर चुक्ता प्रमापत्रको प्रतिलिपि ।
    - ➢ निर्वाचन भएको भए निर्वाचित संचालकहरुको र लेखा समितिका पदाधिकारीहरुको फोटो सहित तीन पुस्ते विवरण, नगरिकताको छायाँ प्रति, सम्पर्क नम्बर र फोटोमा पर्ने गरी दस्तखत समेत।
- संस्थाले आफ्नो कार्यक्षेत्र भित्रका ऐनले योग्य भएका व्यक्तिहरुलाई मात्र सदस्यता दिई कारोवार गर्नुहुन र संचालक समितिले सदस्यता दिने / नदिने निर्णय गरे पश्चात मात्र सदस्यता प्रदान गर्नुहनका साथै KYM फाराम अनिवार्य अध्यावधिक गर्न ।

पत्र संख्या/Ref No :- ०८२/८३

चलानी नं./Dispatch No.:-

- सहकारी संस्थाहरुले शेयर सदस्य बाहेक अन्य व्यक्तिसँग वचत संकलन तथा ऋण लगानी नगर्न/ नगराउनु हुन ।
- गाउँपालिका भित्र कार्य संचालन गरी रहेका एकै प्रकृतिका एक भन्दा बढी सहकारी संस्थाहरुको सदस्यता कसैले लिएको भए आफुले छनौट गरी एक मात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहकारी संस्थाको सदस्यता त्याग गर्नुपर्ने प्रावधान आफ्ना सदस्यहरुलाई अवगत गराई सोही अनुसार गर्ने व्यवस्था मिलाउनु हुन ।
- संस्थाले बचतमा दिने व्याजदर र ऋणमा लिने व्याजदर बीचको अन्तर बढिमा ६ प्रतिशत सम्म कायम गर्नुहुन साथै ऋणमा लाग्ने व्याजदर मुल ऋणमा पूँजीकृत गरी सोको आधारमा व्याजदर लगाउने कार्य नगर्नुहुन ।
- गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशित गरी प्रतिवेदन पेश गर्न भनेकोमा हाल सम्म कुनै पनि सहकारी संस्थाहरुले प्रतिवेदन नबुझाएको हुँदा संस्थाहरुले सहकारी शाखामा सम्पर्क गरी अविलम्ब विवरण बुझाउनु अन्यथा सहकारी ऐन नियम बमोजिम समेत कारवाही हुनेछ ।

Giri Raj
२०८२/०४/०८
(गिरीराज अर्याल)
प्रशासकीय अधिकृत

गिरी राज अर्याल
प्रशासकीय अधिकृत
सातौं तह

<u>बोधार्थः</u>

श्री गांउँपालिका अध्यक्ष/ उपाध्यक्षज्यूः कञ्चन गाउँपालिका,रुपन्देही ।

श्री जिल्ला सहकारी संघ, रुपन्देही ।

<u>कार्यार्थः</u>

श्री सूचना प्रविधि ईकाईः गाउँपालिकाको वेभसाइट र फेसबुक पेजमा अपलोड गर्नुहुन ।